# राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपालको

(परिमार्जित तथा संशोधन सहितको विधान- २०६१)

**राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च,नेपाल**
कामनपा -३२, अनामनगर
पोष्ट बक्स नं. ९९९३
फोन/फ्याक्स : ०९७-१-४२६४१९२
ईमेल : alliance.nepal@vianet.com.np

# राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
# (मानवअधिकार एलाईन्स) को विधान २०५६
(परिमार्जित तथा संशोधन सहित २०६१)

**प्रस्तावना**

मानवअधिकारको पूर्ण संरक्षण, संवर्द्धन र विकासविना सामाजिक न्याय प्राप्त हुन नसक्ने एवं सामाजिक न्यायविना शान्ति, स्वतन्त्रता, मानव व्यक्तित्व तथा सामाजिक विकासको अभियान पुरा हुन नसक्ने तथ्यलाई हृदयंगम गर्दै, मानवअधिकार र सामाजिक न्यायको अन्योन्याश्रित सम्वन्धको मान्यताप्रति सम्मति जनाउदै, मानवअधिकारका विश्वव्यापकता, अविभाज्यता तथा अन्तर्निर्भरता जस्ता आधारभूत सिद्धान्तप्रति प्रतिवद्ध हुदै, मानवअधिकारका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यवस्थाको प्रभावकारी कार्यान्वयन र विकासलाई टेवा पुऱ्याउन थप सुसंगठित प्रयासको खाचो महसुस गर्दै मानवअधिकार तथा सामाजिक न्यायका विविध फाटमा संलग्न सक्रिय संस्था तथा व्यक्तिहरूको व्यापक सहभागिताद्वारा मानवअधिकार तथा सामाजिक न्यायको सुनिश्चयका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्न र यसनिम्ति नागरिक समाजको भूमिका थप प्रभावकारी वनाउन एक राष्ट्रिय संस्था स्थापनागरी सञ्चालन गर्न बाञ्छनीय भएकोले यो विधान बनाइएको छ ।

## परिच्छेद एक
### प्रारम्भिक

**१.संस्थाको नाम**

यस संस्थाको नाम राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल- रहने छ । अंग्रेजीमा National Alliance for HumanRights and Social Justice, Nepal र छोटकरिमा मानवअधिकार एलाईन्स (Human Rights Alliance) भनिने छ ।

**क) संस्थाको कार्यालय रहने ठेगाना**

संस्थाको केन्द्रीय कार्यालय का.जि.का.म.न.पा.वडा नं ३२ अनामनगरमा रहेको छ । काठमाडौ जिल्लाभित्र पायक पर्ने स्थानमा कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

**ख) संस्थाको कार्यक्षेत्र**

आवश्यकता अनुसार नेपाल अधिराज्य भित्रका अन्य स्थानमा राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च, नेपालका शाखा कार्यालयहरु रहने छन् । जिल्लामा शाखा कार्यालय स्थापना गर्दा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिइनेछ ।

**ग) प्रारम्भ**

यो विधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मितिदेखि लागु हुनेछ ।

**घ) संस्थाको अस्तित्व**

यो संस्था एक अबिछिन्न उत्तराधिकारवाला संगठित, मुनाफारहित, गैर-राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

क) "**बिधान**" भन्नाले राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च- नेपालको बिधानलाई जनाउँदछ ।

ख) "**संस्था**" भन्नाले राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च- नेपाल लाई जनाउँदछ ।

ग) "**समिति**" भन्नाले यस विधान बमोजिम गठन हुने कार्य समितिहरूलाई जनाउँदछ ।

घ) "**पदाधिकारी**" भन्नाले यस मञ्चका केन्द्र, क्षेत्र र जिल्ला समितिका पदाधिकारीहरूलाई जनाउँदछ ।

ङ) "**नियम, विनियम**" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँदछ ।

च) "**स्थानीय अधिकारी**" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

छ) "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम को कुरालाई जनाउँदछ ।

ज) "**स्थानीय निकाय**" भन्ननले गा.बि.स.र महानगर, उपमहानगर र नगरपालिका र जि.वि.स.लाई जनाउने छ ।

झ) "**ऐन**" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउछ ।

ञ) "**अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सदस्य**" भन्नाले यस मञ्चका केन्द्र, क्षेत्र र जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव सचिव, कोषाध्यक्ष र सदस्यहरूलाई समेत जनाउदछ ।

ट) "**सम्मेलन**" भन्नाले यस विधान अन्तर्गतका क्षेत्र र जिल्लाहरूका सम्मेलनलाई जनाउदछ ।

ठ) “**अधिवेशन**” भन्नाले राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपालको राष्ट्रिय अधिवेशनलाई जनाउदछ ।

ड) “**एलाइन्स**” भन्नाले राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च- नेपाल लाई जनाउँदछ ।

**३. संस्थाको छाप र चिन्ह**

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह (लोगो) को व्यवस्था गरिएको छ । जसको नमुना अनुसूची १ मा दिइएको छ ।

## परिच्छेद दुई
### उद्देश्य

**४ संस्थाको उद्देश्य**

संस्थाको उद्देश्य देहायअनुसार हुनेछ :

क) यो सस्था मुनाफारहित , जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) भयमुक्त वातावरणमा मानवअधिकारको अविच्छिन्न उपयोग गर्ने परिस्थिति र सामाजिक न्याय प्राप्तिको सुनिश्चिततताका निमित्त जनमत निर्माण, जनचेतनाको अभिबृद्धि तथा सम्वर्द्धनात्मक क्रियाकलापको लागि सचेतन, उत्प्रेरणा वा वकालत गर्ने,

ग) मानवअधिकारको प्रचलन र सामाजिक न्यायमा सवै जातजाति, भाषाभाषी समुदायका अनेक पेशा व्यवसाय गर्ने मानिसको समान पहुँचका निमित्त जनजीवनलाई प्रभाबित गर्न भौतिक तथा मानव साधनको सामाजिक परिचालनमा जोडदिने र क्रियाशिलता बढाउने,

घ) सबै खालका श्रोत साधनको बिकास तथा बितरण प्रक्रियामा मानवअधिकारको सम्मानपूर्वक पालना कायम गर्ने हेतुले सामाजिक न्यायको संस्थागत विकासको निमित्त पहल गर्ने,

ङ) मानवअधिकारको संरक्षण, संवर्द्धन र बिकास तथा सामाजिक न्यायको स्वच्छ समतामूलक र पारदर्शी संपादन एवं उपभोग हुने वातावरणको प्रवर्द्धन र विकासका निमित्त सक्रिय हुने, र

च) मानवअधिकार र सामाजिक न्यायको मर्मलाई जनस्तरमा प्रत्यक्ष अनुभूति गराउन र व्यवहारमै रूपान्तरण गर्ने कुरामा निरन्तरता दिन सामुदायिक तथा स्थानीय मानव संसाधनको परिचालनलाई प्राथमिकता दिदै आडभरोसा जुटाउने ।

छ) दिगो शान्तिको स्थापनाका लागि शान्तिको संस्कृति निर्माण गर्न द्वन्द पहिचान,व्यबस्थापन तथा शान्ति शिक्षामा जोड दिने ।

**(५) संस्थाले विधानमा घोषित उद्देश्य प्राप्तिका लागि निम्नानुसार कार्य गर्न सक्नेछ**

क) मानवअधिकार तथा सामाजिक न्याय सम्बन्धी विषयमा राष्ट्रिय मानवअधिकार आयोग, दलित आयोग, महिला आयोग, तथा संसदीय मानवअधिकार समिति र श्री ५ को सरकारको मानवअधिकारसंग सम्बन्धित निकायहरूसंग छलफल र अन्तर्क्रिया गर्ने ।

ख) मानवअधिकारसंग सम्वन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको सही रूपमा कार्यान्वयन भए नभएको जानकारी लिने, सो को नागरिक अनुगमन, अध्ययन अनुसन्धान र मूल्याङ्कन गरी संसद्को मानवअधिकार समिति र श्री ५ को सरकारका सम्वन्धित निकायहरूमा कार्यान्वयन र आवश्यक जानकारीका लागि सुझाव साथ आवश्यक पहल गर्ने ।

ग) राज्यद्धारा अनुमोदित महाँसन्धिका सम्बन्धमा मुलुकको मानवअधिकारको समग्र तथा विषयगत मूल्याङ्कन गरी नागरिक समाजका तर्फबाट मानवअधिकारसंग सम्वन्धित बैकल्पिक प्रतिवेदन तयार पार्ने र संयुक्त राष्ट्रसंघ लगाएत अन्य मानवअधिकारसंग सम्वन्धित निकायहरूमा प्रस्तुत गर्ने ।

घ) संविधान, कानुन, अन्तर्राष्ट्रिय घोषणापत्र र अनुवन्धहरूद्वारा व्यवस्थित हक अधिकार सम्वन्धी व्यवस्थालाई स्थानीय जात,जनजाति र तिनीहरूको मातृभाषा मार्फत उत्पीडित, दलित र पिछडिएको समूहसम्म पुऱ्याउने,

ङ) मानवअधिकार तथा सामाजिक न्यायका बारेमा सञ्चारमाध्यम वा सभा, गोष्ठी तालिम, कार्यशाला एवं प्रवचन जस्ता माध्यमबाट प्रचार-प्रसार गर्ने र जनचेतना बढाउने,

च) मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, अनुवन्ध, महासन्धि लगायत लेख लिखत र अन्य सामाग्री सर्वसाधारणले बुझ्ने भाषामा अनुवाद गरी प्रकाशित गर्ने ।

छ) मानवअधिकारको उल्लंघनबाट पीडित मानिसहरूका हक अधिकार पुनर्स्थापना का लागि आवश्यक कार्य गर्ने, गराउने ।

ज) मानवअधिकारको उल्लंघनका घटना विरुद्ध तथा मानवअधिकारको सम्वर्द्धनको पक्षमा अध्ययन, अनुसन्धान, प्रकाशनका कार्य नियमित रूपमा अगाडि बढाउने ।

झ) स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन प्रजातन्त्रको आधार तथा मानवअधिकारको अभ्यास हो भन्ने मान्यतामा आधारित भएर राष्ट्रिय एवं स्थानीयस्तरका निर्वाचनहरूको पर्यवेक्षण गर्ने, गराउने र

ञ) मानवाधिकार र सामाजिक न्यायसग सम्वन्धित अन्य कार्य गर्ने, गराउने ।

ट) सस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्वन्धित निकायवाट अनुमति वा इजाजत प्राप्तगरी मात्र आफना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ठ) सस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन , टाइपराइटर , फ्याक्स जस्ता कार्यलय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्ने छ ।

ड) सस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथ तिनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद तीन
## सदस्यता

### ६. सदस्यताको बर्गिकरण

संस्थाले देहाय बमोजिमका सदस्यताहरू प्रदान गर्नसक्नेछ :

क) **साधारण सदस्य :**
सदस्यताको लागि आवेदन गर्ने संस्थालाई रुपैयाँ १००।- (एकसय) लिई सम्बन्धित कार्य समितिले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । संस्थापक सदस्य संस्थाहरूले पनि विधान बमोजिम साधारण सदस्य सरहको प्रक्रियाबाट चल्न अनिवार्य हुनेछ ।

ख) **संस्थापक सदस्य :**
विधान स्वीकृत हुंदाको बखतमा हस्ताक्षर गर्ने संस्था संस्थापक सदस्य मानिने छन् । एलाईन्सका संस्थापक सदस्यहरुको विबरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

ग) **सहयोगी सदस्य :**

यस्तो सदस्यता संस्थाको विधानलाई स्वीकार गरी एलाईन्सको सदस्य संस्थाहरूसंग सहकार्य गर्न इच्छुक संस्थाहरूलाई सम्बन्धित जिल्ला कार्यसमितिले निर्णय गरी प्रदान गर्न सक्नेछ । यस्ता सदस्यहरुको मताधिकार भने रहने छैन ।

घ) **आमन्त्रित सदस्य :**
सदस्यता रहेको जिल्ला बाहेकका जिल्ला वा इलाकाहरूमा रहेका एलाईन्सका सदस्य संस्थाका शाखा समितिहरू एलाईन्सको आमन्त्रित सदस्य मानिनेछन् । उक्त स्थानमा आयोजना हुने गोष्ठी, सम्मेलन र बैठकहरूमा आमन्त्रण गर्नसकिने यस्ता सदस्यहरूको मताधिकार भने रहने छैन तर परामर्श एवं सल्लाह सुझाव प्रदान गर्न सक्नेछन् ।

**७ सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यताका लागि देहाय वमोजिमको योग्यता हुनु पर्नेछ :

क) संस्थाको विधानलाई निशर्त स्वीकारी सामाजिक सेवामा अभिरुचि राख्ने र कार्यसमितिले तोके बमोजिमको ढाचा र प्रकृया बमोजिम एलाईन्समा आवेदन दिने देहाय बमोजिमका **गैरसरकारी संस्थाहरू मात्र** राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च- नेपालको सदस्य बन्न सक्नेछन् ।

ख) नेपाल अधिराज्यको संविधान र कानुन बमोजिम दर्ता भई क्रियाशील रहेका स्वदेशी गैरसरकारी संघ-संस्थाहरू ।

ग) प्रत्यक्ष वा परोक्ष रूपमा मानवअधिकार एवं सामाजिक न्यायका क्षेत्रमा क्रियाशील हुने उद्देश्य एवं लक्ष भई क्रियाशील रहेका संघ-संस्थाहरू

घ) संस्थाको सदस्यता लिदा एउटा संस्थाका जतिसुकै जिल्ला शाखाहरू रहे पनि उक्त संस्थाको केन्द्रीय समितिले मात्र सदस्यताको निमित्त आवेदन गर्न पाउनेछ । आवेदन गरी प्रतिनिधित्वका निम्ति तोकिएको जिल्ला वा सदस्यता कायम रहेको जिल्ला वाहेकका जिल्ला वा इलाकाहरूमा रहेका सम्वन्धित सदस्य संस्थाका शाखा समितिहरूलाई, संस्थाको बिभिन्न तहका कार्यक्रमहरूमा आमन्त्रित सदस्यको हैसियतले उपस्थित गराउन सकिनेछ । यस्ता सदस्यहरूको मताधिकार भने रहने छैन तर परामर्श एवं सल्लाह सुझाव प्रदान गर्न सक्नेछन् ।

**८. संस्थाको सदस्यता प्राप्तगर्न वा बहाल रहन नसक्ने अवस्था :**

क) गैरसामाजिक संघ संस्था भएमा ।
ख) विदेशी संघ संस्था भएमा ।
ग) यस संस्थाको हितविपरीत काम गर्ने मनसायद्वारा प्रेरित भएको पाइएमा ।
घ) संस्थाको उद्देश्य प्रतिकूल हुने गरी काम गरेको अभियोग लागि अदालतमा मुद्दा विचाराधिन रहेको पाएमा ।

**९. सदस्यताको समाप्ति**

(१) देहायको अवस्थामा सदस्यताको समाप्ति हुनेछ :

क) यस विधानको दफा ८ बमोजिमको भई सदस्यता प्राप्त गर्न नसक्ने भएमा,
ख) सदस्य संस्थाको विघटन भएमा,
ग) जिल्ला प्रशासन कार्यालयमा आवधिक नवीकरण नगराई २ वर्षसम्म निस्कृय रहेमा,
घ) एलाईन्स समक्ष राजिनामा दिई सदस्यता परित्याग गरेमा,
ङ) एलाईन्सको सदस्यता तोकिएको समयमा नै नवीकरण नगराएमा,
च) यस विधानको दफा ७ को उपधारा वमोजिमको योग्यताहरु नरहेमा,
छ) एलाईन्सको हित प्रतिकूल हुने काम गरेको प्रमाणित भई  कार्यसमितिको बहुमतबाट सदस्यता खारेजीको प्रस्ताव पारित भएमा,
ज) साम्प्रदायिक असहिष्णुता फैल्याउने कार्य गरेमा र
झ) एलाईन्सको आचार संहिता बिपरित कुनै कार्य गरेमा

(२) कुनै संस्था एलाईन्सको सदस्यता प्रप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु अघि संस्थाले संवन्धित संस्थालाई सो कुराको सूचना दिई सफाईको सबुत पेश गर्ने मौका दिईने छ ।

**१०. सदस्यता शूल्क र सदस्यता प्रदान गर्ने विधि :**

यस बिधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शूल्क तिरी, सदस्यता प्राप्त गर्न सक्ने छन् :

क) सदस्यता प्राप्त गर्न चाहने संस्थाहरूले एलाईन्सका  कार्यालयहरू बाट केन्द्रद्धारा उपलब्ध गराइने निवेदन फारम भरी तोकिएको विवरण, कागजात र सदस्यता दस्तुर रू १००।- सहित सम्वन्धित जिल्ला समिति वा क्षेत्रीय समिति वा केन्द्रीय समितिमा बुझाउनुपर्नेछ ।
ख) आवश्यक प्रक्रिया पुरागरी आवेदन गर्ने संघ संस्थाहरूलाई विधान अनुकूल सदस्यता प्रदान गर्न योग्य ठानेमा जिल्ला, क्षेत्र वा केन्द्रीय समितिले आवेदन पेश गरेको ३० दिनभित्र सदस्यता प्रदान गर्नेछ । सदस्यता प्रदान गर्न विधान बमोजिम नमिल्ने भएमा सोको जानकारी सम्वन्धित संस्थालाई गराउनु पर्नेछ ।
ग) प्रत्येक सदस्य संस्थाहरूले आ-आफ्नो जिल्ला समितिको कार्यालयमा रू ५०।- तिरी हरेक आश्विन मसान्तसम्ममा संस्था नवीकरण गराउनु पर्नेछ । आवधिकरूपमा वा त्यस आ.व.मा जिल्ला प्रशासन कार्यालयमा नवीकरण भएको संस्थालाई मात्र नवीकरण गरीने छ । यसरी संस्था नवीकरण गर्दा प्राप्त हुने शुल्क सम्वन्धित समितिले राख्नेछन तर नवीकरण सम्बन्धी विवरण केन्द्रीय कार्य समितिलाई पठाउनुपर्ने छ ।

## परिच्छेद चार
### महाधिवेशन र केन्द्रीय समिति सम्बन्धि ब्यबस्था

**११. महाधिवेशन**

क) क्षेत्रीय कार्य समिति बाट २ जना, जिल्ला कार्यसमिति बाट १ जना, जिल्लास्थित सदस्य संस्थाहरूको हकमा १० वटासम्म सदस्य संस्था भएका जिल्लाहरुबाट १ जना,  १० वटा

भन्दा बढी सदस्य संस्था रहेको जिल्लाको हकमा थप १ जना निर्वाचित प्रतिनिधि, सम्पूर्ण सदस्यसंख्याको ५% मा नवढाई केन्द्रीय कार्य समितिले मनोनयन गरेका प्रतिनिधिहरू, एवं केन्द्रीय कार्य समितिका सदस्यहरूको उपस्थितिमा आयोजना हुने एक राष्ट्रिय महाधिवेशन हुनेछ।

ख) एलाईन्सको सदस्यता प्राप्त गर्ने सदस्य संस्थाहरूलाई जिल्लामा दर्ता भएको आधारमा सम्वन्धित जिल्ला मात्र आफ्नो भौगोलिक निर्वाचन क्षेत्र मानिनेछ र यसै आधारमा केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व हुनेछ ।

ग) महाधिवेशन एलाईन्सको सर्वोच्च अङ्ग हुनेछ ।

घ) महाधिवेशनको गणपूरक संख्या ७५% हुनेछ । यो संख्या नपुगेमा कम्तीमा तीस दिनभित्र लगत्तै बोलाइएको सभामा ४५% उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । महाधिवेशनमा बहुमतको निर्णय मान्य हुनेछ ।

ङ) महाधिवेशन हरेक ३ वर्षको अन्तरालमा केन्द्रीय समितिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

च) केन्द्रीय समितिको बहुमतले निर्णय गरेमा वा साधारण सदस्यता संख्याको १/३ सदस्यहरूले लिखित रूपमा माग गरेमा त्यस्तो निर्णय वा माग भएको मितिले ४५ ( पैतालीस) दिन भित्र बिशेष महाधिवेशन बोलाइनेछ । विशेष महाधिवेशन बोलाउनुपरेमा त्यसको गणपूरक सख्या भने ४०% रहनेछ ।

छ) हरेक सदस्यलाई महाधिवेशन हुनुभन्दा ३० (तीस) दिन अगावै महाधिवेशन हुने मिति, समय र स्थानको जानकारी दिइनेछ ।

ज) महाधिवेशनको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा महाधिवेशनमा उपस्थित सदस्यहरू मध्येबाट छानेको कुनै एक प्रतिनिधिले गर्नेछन् ।

झ) एलाईन्समा चुनिने पदाधिकारीहरू सदस्य संस्थाको प्रतिनिधि भएको कारणले व्यक्ति निर्वाचित भएको मानिनेछ । यसरी निर्वाचित भएको व्यक्तिको स्थानमा अस्थाई रूपमा सम्वन्धित संस्थाबाट मिटिङ बैठकको प्रतिनिधित्व गर्नका लागि अर्को व्यक्ति पठाउन पाउने छैन ।

ञ) केन्द्रीय कार्यसमितिमा उम्मेदवार बन्नका लागि एलाईन्सको सदस्यता लिएको २ वर्ष पुरा भइसकेको हुनुपर्नेछ ।

## १२. महाधिवेशनको काम, कर्तव्य र अधिकार

क) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

ख) एलाईन्सको नीति निर्धारण गर्ने ।

ग) केन्द्रीय समितिको निर्वाचन गर्ने ।

घ) केन्द्रीय कार्यसमितिका कामको मूल्याङ्कनगरी आवश्यक निर्देशन दिने ।

ङ) आवश्यकतानुसार विधान संशोधन गर्ने ।

च) केन्द्रीय कार्यसमितिको निर्णय उपर परेका मुद्दाहरूको पुनरावेदनको अन्तिम निर्णय गर्ने ।

छ) एलाईन्सको हित र उद्देश्य अनुकूल अन्य कार्य गर्ने ।

## १३. केन्द्रीय समितिको गठन

क) महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरू रहेको एक केन्द्रीय समिति हुनेछ।
ख) केन्द्रीय समितिमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिब र कोषाध्यक्ष गरी पाँच जना, हरेक अञ्चलबाट एक एक जना गरी चौंध जना, महिला पांच जना र मनोनित तिन सहित २७ जनासम्म पदाधिकारीहरू रहनेछन्। कुल २७ जना पदाधिकारीहरूमध्ये २४ जना पदाधिकारीहरू महाधिवेशनद्वारा निर्वाचित हुनेछन् भने बांकी ३ सदस्यहरू केन्द्रीय समितिको बहुमतको निर्णयको आधारमा अध्यक्षद्धारा मनोनित हुनेछन्।
ग) केन्द्रीय समिति एलाईन्सको प्रमुख व्यवस्थापन निकाय मानिनेछ।
घ) केन्द्रीय समितिको पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ।

## १४. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क) महाधिवेशनको नीतिनिर्देशन अनुसार कार्यक्रम बजेट तर्जुमा गर्ने,
ख) महाधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदन तयार पार्ने,
ग) एलायन्सको चलअचल संपत्तिको संरक्षण गर्ने, गराउने र नियमित प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,
घ) महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ,
ङ) एलायन्सको प्रतिनिधित्व गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रममा प्रतिनिधि छनोट गरी पठाउने,
च) एलायन्सका लागि आवश्यक कर्मचारीको नियुक्ति, वर्खास्त, सेवाका सर्त तथा पारिश्रमिक निर्धारण गर्ने,
छ) लेखापरीक्षकको नियुक्ति गर्ने।
ज) विधानअनुसार एलायन्सको हित र उन्नतिका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने।

(२) केन्द्रीय समितिको बैठक

केन्द्रीय समितिको बैठक निम्नानुसार हुनेछ :

क) अध्यक्षको परामर्श लिई महासचिवले तोकेको स्थान, मिति र समयमा केन्द्रीय कार्यसमितिको बैठक बस्नेछ।
ख) केन्द्रीय समितिका बहुमत सदस्यहरूले लिखित माग गरेमा यस्तो माग गरेको १५ दिनभित्रमा अध्यक्षले जुनसुकै समयमा पनि बैठक बोलाउनु पर्नेछ।
ग) केन्द्रीय समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थिति रहेमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा समितिको बैठकमा उपस्थित कार्यकारिणी सदस्यहरू मद्येबाट छानिएको सदस्यले गर्नेछन्
घ) केन्द्रीय समितिको बैठकमा ५१ सदस्यहरूको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ।

ङ) केन्द्रीय समितिको बैठकको सूचना बैठक बस्नुभन्दा कम्तिमा १५ दिन अगावै सबै कार्यकारी सदस्यहरूलाई दिइसक्नुपर्नेछ ।

च) पहिलोपटक सूचना गरी बसेको कार्यसमितिको बैठकमा गणपूरक संख्या पुगेन भने कम्तिमा पनि ७ दिनको फरक हुने गरी दोस्रोपटक सूचना जारी गरिनेछ ।

छ) दोश्रो पटक सूचना गर्दा समितिसदस्य सख्याको २५प्रतिशशत मात्र सदस्य उपस्थित भएमा पनि बैठक बस्न सक्नेछ ।

ज) केन्द्रीय समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

झ) केन्द्रीय समितिको बैठक ६ महिनामा कम्तीमा एकपटक बस्नेछ ।

ञ) बैठकसम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**१५ पद त्याग गर्न सक्ने**

(१) एलाइन्सका केन्द्र, क्षेत्र र जिल्लाका पदाधिकारी एवं सदस्यहरुले चाहेमा निम्नानुसार पद त्याग गर्न सक्नेछन् :

क) लिखित राजिनामा स्वीकृत भएमा,

ख) मृत्यु भएमा

ग) मुनासिव माफिकको कारणबेगर विनासूचना केन्द्रीय कार्यसमितिको बैठकमा लगातार तीन पटकसम्मअनुपस्थित भएमा ।

घ) कुनै पदाधिकारीको पद रिक्त भएमा केन्द्रीय समितिले बाकि अवधिका निम्ति सदस्य संस्थाहरु मध्येबाट मनोनयन गर्नसक्नेछ ।

(२) राजिनामा :

अध्यक्षले उपाध्यक्ष मार्फत र पदाधिकारी एवं सदस्यहरुले अध्यक्ष मार्फत दिएको राजिनामा कार्यसमितिले स्वीकृत गर्नसक्नेछ । तल्ला समितिहरुले आफ्नो समितिमा परेका राजिनामाको वारेमा माथिल्लो समिति समक्ष आवश्यक परामर्श लिन सक्नेछन् ।

**१६. सचिवालय, क्षेत्रीय तथा जिल्ला समिति सम्बन्धि व्यवस्था :**

**१) सचिवालयः**

क) केन्द्रीय कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र दुई जना केन्द्रिय सदस्य रहेको सात सदस्यिय एक सचिवालय रहनेछ ।

ख) जिल्ला र क्षेत्रिय समितिहरुले पनि आबश्यकता अनुसार सचिवालयको गठन गर्न सक्ने छन् ।

ग) सचिवालयको काम कर्तव्य र अधिकार विधानको अधिनमा रही कार्यसमितिको परामर्श अनुसार एलाईन्सको नियमित प्रशासनिक तथा अन्य कामको सञ्चालन गर्नु हुनेछ ।

**२.क्षेत्रीय समिति सम्बन्धि व्यवस्थाः**

क)	नेपालको प्रसाशनिक विभाजनको आधारमा जम्मा ५ वटा क्षेत्रीय कार्यसमितिहरू रहनेछन् । प्रसाशनिक विभाजनमा फेरबदल भएमा सोहि अनुसार हुनेछ ।

(ख)	क्षेत्र भित्रका बिभिन्न जिल्लामा कार्यरत एलाईन्सका सदस्य संस्थाहरु मध्येबाट र आबश्यक भएमा केन्द्रबाट तोकिएका व्यक्तिहरु समेत सम्मिलित बढिमा ११ जना पदाधिकारिहरु भएको क्षेत्रीय समिति गठन गरिनेछ ।

(ग)	क्षेत्रीय कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिब र कोषाध्यक्ष तथा सात जना सदस्यहरू रहनेछन् ।

(घ)	क्षेत्रीय समितिको गठनका लागि त्यस क्षेत्रका ७५% जिल्लाहरुमा जिल्ला कार्य समितिको गठन पुरा भई सकेको हुनुपर्नेछ ।

ङ)	क्षेत्रीय अधिवेशनमा क्षेत्र भित्रका जिल्लाहरुमा कार्यरत एलाईन्सका सदस्य संस्थाहरुका जिल्ला अध्यक्ष वा सचिव मध्ये एक जना र जिल्लामा कार्यरत एलाईन्सका सदस्य संस्थाहरु मध्येबाट थप एक जना, निर्वाचित प्रतिनिधि तथा सम्बन्धित क्षेत्र भित्रका केन्द्रीय सदस्यहरुको उपस्थिति हुनु अनिवार्य हुनेछ ।

च)	क्षेत्रीय पदाधिकारीहरूको सल्लाह अनुसार क्षेत्रीय कार्यालय केन्द्रीय कार्य समितिले तोकेको स्थानमा हुनेछ ।

छ)	क्षेत्रीय समितिले एलाईन्सको लोगो र छाप क्षेत्रीय समितिको नाममा प्रयोग गर्न पाउने छन् ।

ज)	क्षेत्रीय कार्यसमितिको बैठक कम्तिमा पनि ३ महिनामा एक पटक बस्नेछ भने अन्य कार्यविधिहरू केन्द्रीय कार्यसमितिको बमोजिम नै हुनेछ ।

झ)	क्षेत्रिय समितिको कार्यकाल २ बर्षको हुनेछ ।

(३) **जिल्ला समिति :**

क)	जिल्लामा एलाईन्सको सदस्यता प्राप्त गरेका घटिमा ३ वटा सदस्य संस्थाहरू रहेको जिल्ला समिति गठन हुन सक्नेछ ।

ख)	जिल्ला कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सात जना सदस्य सहित बढिमा ११ जना पदाधिकारीहरू रहन सक्नेछन् ।

ग)	जिल्ला कार्यसमितिले आवश्यक ठानेमा बढीमा ५ सदस्यीय जिल्ला सल्लाहकार समिति गठन गर्न सक्नेछ । सल्लाहकार समिति सदस्यहरूले कुनै संस्थाको प्रतिनिधित्व गर्नुपर्ने अनिवार्यता रहने छैन तर उनीहरू सामाजिकरूपमा प्रतिष्ठित ब्यक्तित्व वा विशेषज्ञता हासिल गरेका ब्यक्तित्वहरू हुनु पर्नेछ ।

घ)	जिल्ला अधिवेशन हुदा कम्तिमा पनि १ जनासम्म क्षेत्रीय वा केन्द्रीय समिति वा केन्द्रीय समितिले तोकेको ब्यक्तिको उपस्थिति हुनु वा माथिल्लो निकायको सहमति हुनु अनिवार्य हुनेछ ।

ङ)	जिल्ला समितिमा दर्ता भएका सदस्य संस्थाहरूले जिल्ला सम्मेलनमा चुन्ने र चुनिने अधिकार प्राप्त गर्नेछन । जिल्ला अधिबेशन जिल्लास्थित सदस्यहरू एवं संस्थाको हितचिन्तक निवर्तमान सल्लाहकारहरू समेतको उपस्थितिमा एलाईन्सको विधान अनुसार सञ्चालन हुनेछ । मतदानको अधिकार भने साधारण सदस्यहरूलाई मात्र हुनेछ ।

च)	जिल्ला कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

छ) जिल्ला कार्यसमितिले एलाईन्सको लोगो र छाप जिल्लाकार्य समितिको नाममा प्रयोग गर्न पाउनेछ ।
ज) जिल्ला कार्यसमितिको बैठक कम्तिमा पनि महिनामा एकपटक बस्नेछ अन्य कार्यविधिहरू केन्द्रीय कार्यसमिति सरह नै हुनेछ ।

(४) **क्षेत्रीय वा जिल्ला कार्य समितिको काम, कर्तब्य, अधिकार**

क) केन्द्रीय समितिको नीतिनिर्देशन अनुसार कार्यक्रम बजेट तर्जुमा र संचालन गर्ने,
ख) क्षेत्रीय वा जिल्ला अधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदन तयार पार्ने,
ग) चल अचल संपत्तिको संरक्षण गर्ने, नियमित प्रशासनिक कार्य सञ्चालन गर्ने गराउने,
घ) अधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ,
ङ) एलाईन्सको प्रतिनिधित्व गर्न जिल्ला र क्षेत्रीयस्तरका कार्यक्रममा प्रतिनिधि छनोट गरी पठाउने,
च) एलाईन्सका लागि आवश्यक कर्मचारीको नियुक्ति, वर्खास्त, सेवाका सर्त तथा पारिश्रमिक निर्धारण गर्ने,
छ) विधानअनुसार एलाईन्सको हित र उन्नतिका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद पाँच

### पदाधिकारीहरूको काम, कर्तब्य र अधिकार

१७. केन्द्रिय समिति, क्षेत्रिय समिति र जिल्ला समितिको पदाधिकारीहरूको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ । विधानले महासचिवको ब्यबस्था केन्द्रिय स्तरमा मात्र गरेको हुंदा महासचिवको काम, कर्तब्य र अधिकार नै क्षेत्रिय र जिल्ला समितिको हकमा सचिवको काम, कर्तब्य र अधिकार हुनेछ ।

**१ अध्यक्षको काम, कर्तब्य र अधिकार**

क) एलाईन्सका सम्बन्धित तहका महाधिवेशन, अधिवेशन, सम्मेलन, भेला, सभा तथा वैठकको अध्यक्षता गर्ने ।
ख) कुनै प्रस्तावको मत वरावर भई बाझिन गएमा निर्णायक मत दिने,
ग) महाधिवेशन र सम्बन्धित तहका कार्यसमितिबाट पारित प्रस्ताव र निर्णयको कार्यान्वयनमा प्रमुख उत्तरदायित्व बहन गर्ने ।
घ) अन्य पदाधिकारीहरुको सहयोगमा एलाईन्सको कार्यकम सञ्चालन गर्न आवश्यक रकम जुटाउने
ङ) एलाईन्सका संवन्धित तहमा नियमित तथा दैनिक कार्य गर्ने-गराउने,
च) पदाधिकारीहरुका बीचमा कामको बाडफाड गर्ने, र
छ) अध्यक्षले गर्ने गराउने भनी यस विधानमा तोकिएका अन्य कार्य गर्ने गराउने,

**२ उपाध्यक्षको काम, कर्तब्य र अधिकार**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने,
ख) अध्यक्षको कार्यमा आवश्यक सरसहयोग गर्ने, र
ग) तोकिएका अन्य कार्य गर्ने ।

**३ महासचिवको काम, कर्तब्य र अधिकार**

क) अध्यक्षको परामर्शमा राष्ट्रिय महाधिवेशन, सम्बन्धित तहका कार्यसमितिको बैठक बोलाउने ।
ख) बैठकका निर्णय पुस्तिका, कागजपत्र, अभिलेख दुरुस्त राख्ने, दैनिक कार्यको रेखदेख गर्ने र अध्यक्षको परामर्श लिई एलाईन्सका तर्फबाट पत्राचार गर्ने,
ग) महाधिबेशनमा कार्यविवरण तथा कार्य योजना प्रस्तुत गर्ने गराउने ।
घ) सम्बन्धित तहका कार्यसमितिको बैठकमा कार्यविवरण तथा कार्य योजना प्रस्तुत गर्ने गराउने ।
ङ) कार्यसमिति, सचिवालय वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने,गराउने ।

**४ सचिवको काम, कर्तब्य र अधिकार**

क) महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने, गराउने
ख) महासचिवको काममा सहयोग पुर्‍याउने आवश्यक अन्य कार्य गर्ने ।

**५ कोषाध्यक्षको काम, कर्तब्य र अधिकार**

क) महाधिवेशनमा तथा सम्बन्धित तहका अधिवेशन र सम्मेलनमा आयव्ययको प्रतिवेदन प्रस्तुत गर्ने।
ख) कोषको सञ्चालन गर्ने
ग) आयव्ययको विवरण राख्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने ।
घ) वार्षिक वजेट तर्जुमा गर्ने र
ङ) कोषाध्यक्षले वासलात र लेखापरीक्षण प्रतिवेदन सम्बन्धित तहका महाधिवेशन, अधिवेशनहरुमा पेश गर्नेछन् ।
च) कोषाध्यक्षले गर्नु पर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

**६ सदस्यको काम, कर्तब्य र अधिकार**

क) सम्बन्धित तहका कार्य समितिको बैठकमा उपस्थित भई, छलफल र मतदानमा सहभागी हुने ।
ख) बैठकमा आवश्यक प्रस्तावहरु राख्ने ।
ग) बैठकलाई ब्यबस्थित र मर्यादित ढंगबाट संचालन गर्न गराउन सहयोग गर्ने ।
घ) तोकिएका अन्य कार्य गर्ने, गराउने ।

**१८ गण पूरक संख्या**

महाधिवेशन, क्षेत्रीय र जिल्ला संमेलनको गणपूरक संख्या ६०% हुनेछ । यो संख्या नपुगेमा कम्तीमा तीस दिनभित्र लगत्तै बोलाइएको अधिवेसन वा संमेलनमा ४५% उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । महाधिवेशन एवं संमेलनमा बहुमतको निर्णय मान्य हुनेछ ।

## परिच्छेद छ
### आर्थिक ब्यबस्था

**१९.संस्थाको कोष :-**

(१) संस्थाको आर्थिक श्रोत देहाय बमोजिमको हुनेछ ।

क एलाईन्सको सम्पूर्ण चल-अचल संपति रहेको एउटा कोष हुनेछ, जसको लेखा प्रचलित कानुनका ढाचामा अद्यावधिक राखिनेछ
ख सदस्यहरुको वार्षिक शुल्कबाट उठेको रकम,
ग एलाईन्सले पुऱ्याएको सेवा वा अन्य कार्यक्रमबाट प्राप्त रकम,
घ अन्तर्राष्ट्रिय संघसस्था वा व्यक्तिबाट प्राप्तहुने अनुदान सहयोग, उपहार,
ङ स्वदेशी संघसस्था तथा दाताबाट प्राप्त अनुदान सहयोग,
च श्री ५ को सरकार, समाज कल्याण परिषद् वा अन्य कुनै निकायबाट प्राप्त अनुदान सहयोग ।
छ संस्थाको चलअचल सम्पत्तिबाट प्राप्त हुने रकम ।
ज बैदेशिक सहयोग लिदा श्री ५ को सरकार अर्थमन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) बिदेशी संघ सस्था वा ब्यक्ति बाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले श्री ५ को सरकार अर्थ मन्त्रालयबाट स्वीकृत लिइने छ ।
(३) सस्थामा प्राप्त रकम स्थानिय बैकमा जम्मागरी बैकखाता सञ्चालन गरीने छ ।

**२० बैङ्क खाताको सञ्चालन**

एलाईन्सको कोषको रकम मञ्चका नाममा कुनै पनि वित्तीय संस्था वा बैङ्कमा खाता खोली राखिनेछ । बैंक खाता अध्यक्ष, महासचिव तथा कोषाध्यक्ष अनिबार्य र अन्य तोकिएको १ जनासम्म गरी चार जना मध्ये कुनै दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

**२१.कोषको रकम खर्च गर्ने तरिका**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा खेहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।

क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न पाईने छैन ।

ख) अधिबेशन तथा सम्मेलन बाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोष बाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिबेदन अधिबेशनमा तथा सम्मेलन मा अनिबार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोष को रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

**२२.लेखापरीक्षण :**

संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ

१ केन्द्रिय कार्यसमितिले नियुक्त गरेको, इजाजतप्राप्त लेखापरीक्षकद्वारा हरेक वर्षको असोज मसान्तभित्र संस्थाको अघिल्लो आ.व.को आम्दानीखर्च चलअचल सम्पत्ति तथा मौज्दात रकमको लेखापरक्षण गराइनेछ ।

२ लेखापरीक्षण प्रतिवेदन हरेक वर्ष सम्वन्धित निकाय वा स्थानिय अधिकारीलाई प्रस्तुत गरिनेछ ।

३ बार्षिक लेखा परिक्षण ,प्रगति प्रतिबेदन ,नवीकरण समाज कल्याण परिषदलाई बुझाइनेछ ।

## परिच्छेद सात
## निर्वाचन सम्वन्धी व्यवस्था

**२३. निर्वाचनसम्वन्धी व्यवस्था**

१ प्रत्येक तिन वर्षमा हुने महाधिवेशनमा केन्द्रीय समितिको निर्वाचन प्रयोजनका लागि एक तीन सदस्यीय निर्वाचन समितिको गठन केन्द्रीय कार्यसमितिले गर्नेछ ।

२ महाधिवेशनमा कुनै पनि पदको उम्मेदवार बन्नका लागि विधानको धारा ११ को उपधारा (घ) बमोजिमको योग्यता अनिवार्य हुनेछ ।

३ निर्वाचन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गरी निर्वाचन सम्पन्न गर्नेछ ।

४ निर्वाचन समितिले निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र प्रदान तथा शपथग्रहण गराउने छ । सपथको व्यहोरा यसै विधानको अनुसूची २ मा उल्लेखित छ ।

५ निर्वाचन गोप्य मतदान प्रक्रियाद्वारा सम्पन्न गरिनेछ ।

६ महाधिवेशनमा भागलिन पाउने व्यक्तिलाई मात्र मतदान गर्ने अधिकार हुनेछ ।

७ निर्वाचन सम्पन्न भएपछि यो समिति स्वतः विघटन हुनेछ ।

**२४ उम्मेदवार हुने योग्यता**

क) केन्द्रीय कार्यसमितिमा उम्मेदवार बन्नका लागि एलाईन्सको सदस्यता लिएको २ वर्ष पुरा भइसकेको हुनुपर्नेछ ।

**२५.अविश्वासको प्रस्ताव**

क) केन्द्रीय कार्यसमितिका कुनै पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव पेस गर्न सकिनेछ ।

ख) उपदफा २५.क. बमोजिमको प्रस्तावमा केन्द्रीय कार्यसमितिका एक तिहाई सदस्यको हस्ताक्षर हुनु पर्नेछ ।

ग) अविश्वासको आरोप लागेको सदस्यलाई सफाई पेस गर्ने मुनासिव मौका प्रदान गरिनेछ ।

घ) अबिश्वासको प्रस्ताबमा हस्ताक्षर गर्ने सम्पुर्ण सदस्य संख्याको बहुमतद्वारा अबिश्वासको प्रस्ताब पास हुनेछ र यसरी अबिश्वासको प्रस्ताब पास भएमा सम्वन्धित पदाधिकारी वा सदस्य आफ्नो पदबाट स्वतः हट्नेछ ।

ङ) क्षेत्रीय एवं जिल्ला कार्यसमितिका पदाधिकारीहरु विरुद्ध सम्वन्धित क्षेत्रमा आवद्ध सदस्य संस्थाको ५० प्रतिशत सदस्यहरुले सम्वन्धित पदाधिकारीविरुद्ध कारण सहितको अविस्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । यस्तो प्रस्ताव उपर सम्वन्धित कार्यसमितिको दुई तिहाई बहुमतले निर्णय गरी पारित वा अस्वीकार गर्न सक्नेछ ।

च) अविस्वासको प्रस्ताब पारित गर्नु परेमा सम्पुर्ण सदस्य संख्याको २/३ बहुमतले पारित गर्नु पर्ने छ ।

**२६.विधान संशोधन**

सस्था दर्ता ऐन २०३४ वा प्रचलित कानुन बमोजिम यो विधानको कुनै दफा वा उपदफा संशोधन गर्नुपरेमा त्यस्तो संशोधन प्रस्ताव केन्द्रीय समितिको कुनै पदाधिकारी, सदस्य वा महाधिवेशन प्रतिनिधिले कार्यसमिति समक्ष पेस गर्नुपर्नेछ र यस्तो प्रस्तावमा कार्य समितिले समर्थन जनाएमा महाधिवेशन समक्ष पेस गरिनेछ । महाधिवेशनको कुल सदस्य संख्याको २/३ बहुमतबाट संशोधन प्रस्ताव पारित भएमा त्यस्तो संशोधित विधान सम्वन्धित स्थानीय अधिकारीको स्वीकृति लिएर लागु हुनेछ ।

**२७.नियम बनाउन सक्ने**

केन्द्रीय समितिले प्रचलित कानुन र यस विधानको अधिनमा रही एलाईन्सको उद्देश्य पुरा गर्नका लागि र आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक विनिमय तथा कार्यनिर्देशिका बनाउन सक्नेछ ।

**२८ कर्मचारीको ब्यबस्था**

क) सस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनकालागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले बिदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा , कामको औचित्य, सुबिधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण समितिमा समेत जानकारी गराईने छ ।

**२९. संस्था खारेजी**

एलाईन्स संचालन हुन नसकी वा अरु कुनै कारणवश विघटन गर्नुपरेमा साधारण सभाले निर्णय गर्नेछ । यसरी कारणबश संस्था विघटन भएमा संस्थाको दायित्व फरफारक गरी वाकी रहने सम्पूर्ण जायजेथा श्री ५ को सरकारको हुनेछ ।

**३०. व्याख्या**

यो विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई हुनेछ ।

**३१. गोप्यता भंग गर्न नहुने**

एलाईन्सका कुनै पनि पदाधिकारी वा सदस्यहरुले एलाईन्सको अहित हुने कार्य गर्न हुदैन र सस्थाको गोपनियता भङ्ग गर्न हुदैन । कार्यसमितिका पदाधिकारी वा सदस्य तथा साधारण सभाका सदस्यहरुले बैठक तथा सभामा असभ्य र अश्लील शव्दको प्रयोग गर्नुहुदैन ।

**३२. ऐन अनुसार हुने**

यस विधानमा लेखिएका कार्यहरु यस संस्थाले प्रचलित नेपाल कानूनको मनसाय विपरीत नहुनेगरी श्री ५ को सरकारको नीति निर्देशनको परिधिभित्र रहेर गर्ने छ ।

**३३ निर्देशनको पालना**

संस्थाले स्थानीय अधिकारीद्वारा समय समयमा दिएको निर्देशनको पालना गर्नेछ ।

**३४ अन्य समितिहरू सम्बन्धि ब्यबस्था**

विधानको परिधि भित्र रहि कार्यसमितिले आबश्यकतानुसार अन्य समिति तथा उपसमितिहरुको गठन र तिनिहरुको काम, कर्तब्य, अधिकार सम्बन्धि ब्यबस्था गर्न सक्नेछ ।

**३५ निष्कृयता तथा कानुन बमोजिम हुने**

यो विधानको कुनै पनि दफा उपदफामा लेखिएको कुराहरु प्रचलित नेपाल कानूनसाग बााझिन गएमा बााझिन गएको हदसम्म स्वतः खारेज हुनेछ ।

**३६ सल्लाहकार समिति सम्वन्धी व्यवस्था**

क) एलाईन्सको काम, कार्यक्रममा आवश्यक परामर्श दिनका लागि प्रतिष्ठित समाजसेवी तथा विभिन्न विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरुमध्येबाट जिल्लाको हकमा बढिमा ५ जना र केन्द्रमा ११ जनासम्म सल्लाहकारको मनोनयन सम्बन्धित समितिको बहुमतद्वारा गर्नेछ । यस्तो सल्लाहकार समिति सदस्यहरुले कुनै सस्थाको प्रतिनिधित्व गर्नुपर्ने अनिवार्यता रहदैन तर उनीहरु सामाजिकरुपमा प्रतिष्ठित व्यक्तित्व वा विशेषज्ञता हासिल गरेका व्यक्तित्व हुनु पर्नेछ ।

**३७ सल्लाहकार समितिको पदावधि देहायबमोजिम हुनेछ**

क) केन्द्रीय सल्लाहकार समिति : तिन वर्ष ।
ख) जिल्ला सल्लाहकार समिति : दुई वर्ष ।

**३८ आवद्धता**

यो संस्थालाई समाज कल्याण परिषद् र कानुनी मान्यता प्राप्त अन्य निकाय समेतमा आवश्यकतानुसार आवद्ध गर्न सकिनेछ ।

**३९ प्रचलित कानुन बमोजिम हुने**

यो विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन २०३४ र प्रचलित नेपाल कानुनको अधिनस्थ हुनेछ । यस संस्थाले श्री ५ को सरकारको नीति निर्देशनको परिधिभित्र रहि कार्य सम्पादन गर्नेछ ।

**४० संस्था ब्यक्ति सरह हुने**

यो संस्था ब्यक्ति सरह हुनेछ । यसले कसैउपर नालिस, उजुर गर्न सक्नेछ र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

**४१ चल अचल सम्पतिको विवरण**

क) एलाईन्सको चलअचल सम्पतिको अभिलेख दुरुस्त राखिनेछ ।
ख) एलाईन्सको सम्पति बिक्रि गर्नुपर्दा केन्द्रीय कार्यसमितिको बहुमतबाट निर्णय गनुपर्दछ ।
ग) शाखा समितिहरुले सम्पति बिक्रि गर्नुपर्दा माथिल्लो निकायबाट अनिवार्य पूर्व अनुमति लिनुपर्नेछ ।

अनुसूची : १

दफा ३ संग सम्बन्धित

संस्थाको छाप तथा लोगो

## अनुसूची : २

## दफा २३ को उपदफा २३.४ संग सम्बन्धित

## सपथ ग्रहण

राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्चको सदस्यको हैसियतले मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत रहँदा मानवअधिकारको अन्तरनिर्भरता,अविभाज्यता तथा सर्वब्यापकतासहितका मूलभूत सिद्धान्तप्रति प्रतिवद्ध रही निर्भीकतापूर्वक निष्पक्ष भएर काम गर्न म सत्यनिष्ठापूर्वक सङ्कल्प गर्दछु । मञ्चको एक प्रतिवद्ध सदस्यको नाताले म कुनै भय, त्रास स्वार्थबाट मुक्त रहेर विश्वमा मानवअधिकार, शान्ति र न्यायलाई आँच पुग्ने-पुऱ्याउने किसिमका हिंसा, शोषण, उत्पीडन गर्ने अनैतिक तथा हिंसात्मक क्रियाकलापमा बल पुग्ने कार्यमा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न नहुने कुरामा कृतसङ्कल्प रहनेछु । संस्थामा रहे वा नरहेको अवस्थामा पनि संस्थाको प्रतिष्ठामा प्रतिकूल असर पर्ने क्रियाकलापमा संलग्न नहुने कुरामा पनि म दृढप्रतीज्ञा गर्दछु ।

हस्ताक्षरः

नामः

ठेगानाः

मितिः

**अनुसूची : ३**

**दफा ६ को उपदफा (ख) संग सम्बन्धित**

**संस्थापक सदस्यहरुको विवरण**

| **क.सं.** | **पद** | **सदस्य संस्थाको नाम** | **संस्था प्रतिनिधिको नाम** |
|---|---|---|---|
| १. | संयोजक | यातनापीडित सरोकार केन्द्र, नेपाल (**सिभिक्ट**) | डा. भोगेन्द्र शर्मा |
| २. | सदस्य | नेपाल बाल मजदुर सरोकार केन्द्र (**सिविन**) | गौरी प्रधान |
| ३. | सदस्य | अनौपचारिक क्षेत्र सेवा केन्द्र (**इन्सेक**) | सुवोधराज प्याकुरेल |
| ४. | सदस्य | महिला पुनर्स्थापना केन्द्र (**ओरेक**) | डा.रेणु राजभण्डारी |
| ५. | सदस्य | नेपाल ग्रामीण पुनर्निमाण संस्था (**आर आर एन**) | सर्वराज खड्का |
| ६. | सदस्य | ग्रामीण बालबालिकाहरूका निम्ति सहायता संस्था (**एक्रोन** ) | डा.भरतबहादुर कार्की |
| ७ | सदस्य | ग्रामीण विकास, पाल्पा | श्रीमती गङ्गादेवी कसजू |